आज मिति २०८०/०२/०५ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: १८
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८०।०२।०५
बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।
बैठक समय: ८:३० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०२।०५ | ८:३० | प्रहरि चौकीको शौचालय र भान्साघर निर्माणको भुक्तानी सम्बन्धमा। | योजना शाखा | १ |
| २०८०।०२।०५ | ८:३५ | खानेपानी जडान खर्च बिनियोजन सम्बन्धमा। | योजना शाखा | २ |
| २०७९।०२।०५ | ८:४० | टोल/बस्ती भेला कार्यक्रम गर्ने सम्बन्धमा। | योजना शाखा | ३ |
| २०८०।०२।०५ | ८:४५ | आमाबावु विहिन बालबालिकाको संरक्षण कार्यक्रम सम्बन्धमा। | सामाजिक विकास शाखा | ४ |
| २०८०।०२।०५ | ८:५० | इच्छाकामना गाउँकार्यपालिकाको क्षेत्राधिकार भित्र रहेका कार्यविधि पारित गर्ने सम्बन्धमा । | प्रशासन शाखा | ५ |
| २०८०।०२।०५ | ८:५५ | योजनाको शिर्षक परिमार्जन सम्बन्धमा। | योजना शाखा | ६ |
| २०८०।०२।०५ | ९:०० | लम्पि स्किन रोग नियन्त्रण तथा रोकथाममा भएको खर्च भुक्तानी सम्बन्धमा। | पशु सेवा शाखा | ७ |
| २०८०।०२।०५ | ९:०५ | हेफर प्रोजेक्टलाई पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा। | पशु सेवा शाखा | ८ |
| २०८०।०२।०५ | ९:१० | रानीखोलामा घाटगद्दी गरिएको नदिजन्य पदार्थ ढुवानी अनुमती सम्बन्धमा। | योजना शाखा | ९ |
| २०८०।०२।०५ | ९:१५ | स्वास्थ्यकर्मी कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | १० |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।०१।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरु:**

१. प्रहरी चौकीको शौचालय र भान्साघर निर्माण कार्य सम्पन्न भइसकेकोले कन्टेन्जेन्सी शीर्षक मार्फत भुक्तानी दिने।

२. यस इच्छाकामना गाउँपालिका वडा नं ४ स्थित अजिंगरे नयाँ वस्ति टोलमा रहेका १८ घर विपन्न चेपाङ्ग परिवारलाई खानेपानीको सुविधाको लागि सप्रोस नेपालसंगको साझेदारीमा कार्य गर्नका लागि रु. २,५७,४००।- (अक्षरेपी दुई लाख सन्ताउन्न हजार चार सय मात्र) विनियोजन गर्ने।

३. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम आ.व. २०८०।८१ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा अन्तर्गत वस्ती तहको योजना छनौट गर्न मिति २०८०।०२।०९ गते देखि २०८०।०२।१७ गते सम्म प्रत्येक वडाको वस्ती/टोल भेला सञ्चालन गर्ने।

४. इच्छाकामना गाउँपालिकामा रहेका आमा वावु विहिन वालवालिकाको संरक्षण कार्यक्रम कार्यान्वयनको लागि तोकिएको मापदण्ड अनुसार आवश्यक कागजात सहित प्रक्रिया पुरा गरी सिफारिस भई आएका वालवालिकाहरुलाई रु. २०००।- (अक्षरेपि दुई हजार) मा नघट्ने गरी रकम वितरण गर्ने।

५. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री पञ्च वहादुर प्रजाज्यूले पेश गर्नु भएको तपशिलमा उल्लेख भए बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने।

<u>तपशिल:</u>

(क) एक विधालय एक करेसावारी कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८०
(ख) फिस्लिङ तरकारी संकलन केन्द्र सञ्चालन सम्वन्धी कार्यविधी, २०८०
(ग) व्यवसाय कर सम्वन्धी कार्यविधि, २०८०
(घ) प्रधानाध्यापकको कार्यसम्पादन करार सम्झौता पत्र ,२०८०

६. चालु आ.व. २०७९।८० को लागि प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको फोक्सिङ्ग खानेपानी आयोजना, इच्छाकामना-५ को लागि विनियोजित रु. २५,००,०००।- (अक्षरेपि पच्चीस लाख मात्र) र डाङ्डुङ्गो खानेपानी आयोजना इच्छाकामना- ७ को लागि विनियोजित रु. २५,००,०००।- (अक्षरेपि पच्चीस लाख मात्र) का योजनाहरु दोहोरो परेको कारण हालसम्म पनि खर्च नभएको हुँदा उपर्युक्त योजनाहरुमा विनियोजित कूल रु.५०,००,०००।.(अक्षरेपि पचास लाख मात्र) बजेट फिस्लिङ्ग तरकारी संकलन केन्द्र, इच्छाकामना- ५ को भवन निर्माण तथा मर्मत शिर्षकमा शिर्षक परिमार्जन गरी

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

विनियोजन गर्न प्रदेश सरकारमा लेखि पठाउने। साथै मिति २०७९।१०।२६ को कार्यपालिका बैठकको निर्णय नं. ११ लाई यसै अनुसार संशोधन समेत गर्ने।

७. लम्पि स्किन रोग नियन्त्रण तथा रोकथाम कार्यको लागि आकस्मिक रुपमा मामाभान्जा भेट फर्मा भरतपुर, चितवनबाट खरिद गरिएको रु. ७८,३४३।- (अक्षरेपि अठहत्तर हजार तीन सय त्रिचालिस मात्र) बराबरको औषधिको भुक्तानी सम्बन्धित फर्मको नाममा भुक्तानी दिने।

८. हेफर प्रोजेक्ट नेपाल नामक संस्था मार्फत गाउँपालिकाका वडा नं. १ देखि वडा नं. ७ सम्मका कृषक तथा कृषक समुहहरुलाई आधारशिला तालिम, पशुको उचित व्यवस्थापन सम्बन्धी तालिम र समुह परिचालन तालिम गरी ३ वटा शिर्षकमा तालिम सञ्चालन गर्न आवश्यक पेश्की रकम उपलब्ध गराउने।

९. वडा नं. ७ को IEE स्वीकृत समीगौडा क्षेत्रको विभिन्न स्थानबाट नदीजन्य पदार्थ उत्खनन् गर्न अनुमति दिइएको New S.B. Construction ले सम्झौता परिमाण १०००० घ.मी. मध्ये ५००० घ.मी. मात्र उत्खनन् गरी निकासी गरेकोमा बाँकी परिमाण रानी खोलामा घाटगद्दी अवस्थामा रहेको नदीजन्य पदार्थबाट उपलब्ध हुन सक्ने परिमाणको सीमा भित्र रही ढुवानी गर्न अनुमति प्रदान गर्ने।

१०. यस पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा रिक्त रहेका दरबन्दी र गाउँपालिकाले सिर्जना गरेका रिक्त दरबन्दीमा करार सेवामा कर्मचारी भर्ना छनौट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२०८०।२।५

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष